# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७३।०२।१४ गते

## प्रेस विज्ञप्ति

**विषय: आरोप पत्र दायर गरिएको ।**

-------------------------------------------------

काभ्रपलाञ्चोक जिल्ला खहरेपाँगु ग.वि.स.का गा.बि.स.सचिब लेखनाथ पौडेलले सेवाग्राहीले सम्बन्ध विच्छेद भएको प्रमाणपत्र बनाउन भनि निबेदन दिएकोमा निजले आफ्नो ओहदाले गर्नु पर्ने काम नगरी,सम्बन्ध विच्छेद घटना दर्ता गरी प्रमाणपत्र तयार गर्नको लागी सेवाग्राहीसंग घुस रकम माग गरी रु. ४,०००/- (अक्षरुपी चार हजार रुपैयाँ) घुस रकम लिईसकेको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुँदा निजले # भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३(१) द्वारा परिभाषित कसुर गरेको पुष्टि हुन आएकोले निज गा.बि.स.सचिब लेखनाथ पौडेल उपर बिगो रू. ४,००० ।- ( अक्षरूपी चार हजार ) कायम गरी सोहि ऐनको दफा ३(१) र ३(१) (क) बमोजिम दण्ड सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौमा आरोपपत्र दायर गरिएको छ। ।

(खगेन्द्र प्रसाद रिजाल)

सहायक प्रवक्ता